चा र कुरा मा न्यारा बन

आज बापदादाले आफ्ना सर्व कमल-आसनधारी श्रेष्ठ बच्चाहरूलाई देखिरहनु भएको छ। कमल-आसन ब्राह्मण आत्माहरूको श्रेष्ठ स्थितिको निशानी हो। आसन स्थित हुने (बस्ने) साधन हो। ब्राह्मण आत्माहरू कमल-स्थितिमा स्थित रहन्छन्, त्यसैले कमल-आसनधारी भन्ने गरिन्छ। जसरी ब्राह्मण नै देवता बन्छौ त्यसैगरी आसनधारी नै सिंहासनधारी बन्छौ। जति समय दीर्घकाल वा अल्पकाल कमल आसनधारी बन्छौ त्यति नै दीर्घकाल वा अल्पकाल राज्य सिंहासनधारी बन्छौ। कमल-आसन विशेष ब्रह्मा बाबा समान अति न्यारा र अति प्यारा स्थितिको प्रतीक हो। तिमी ब्राह्मण बच्चाहरू बाबालाई अनुसरण गर्नेवाला हौ, त्यसैले बाबा समान कमल आसनधारी बन। अति न्याराको निशानी हो– बाबा र सर्व परिवारको अति प्यारो बन्नु। न्यारापन अर्थात् चारैतिरबाट न्यारा।

(१) आफ्नो देहभानबाट न्यारा। जसरी साधारण दुनियाँका आत्माहरूलाई हिँड्दा-डुल्दा, हरेक कर्म गर्दा स्वत: र सदा देहको भान नै रहन्छ, मेहनत गर्नु पर्दैन– म देह हुँ भन्ने, नचाहेर पनि सहज स्मृति रहन्छ। त्यस्तै कमल-आसनधारी ब्राह्मण आत्माहरू पनि यो देहभानबाट स्वत: त्यसरी नै न्यारा रहनु छ, जसरी अज्ञानी आत्म-अभिमानबाट न्यारा रहन्छन्। हौ नै तिमी आत्म-अभिमानी। अब शरीरको भानले आफू तर्फ आकर्षित नगरोस्। जसरी ब्रह्मा बाबालाई देख्यौ– हिँड्दा-डुल्दा फरिश्ता-रूप अथवा देवता-रूप स्वत: स्मृतिमा रहन्थ्यो। त्यस्तै स्वाभाविक देही-अभिमानी स्थिति सदा रहोस्– यसलाई भनिन्छ देहभानबाट न्यारा। देहभानबाट न्यारा नै परमात्म-प्यारा बन्छन्।

(२) यो देहको जुन सर्व सम्बन्ध छ, दृष्टिबाट, वृत्तिबाट, कृतिबाट– ती सबैबाट न्यारा हुनु छ। देहको सम्बन्ध देखेर पनि स्वत: नै आत्मिक, देही सम्बन्ध स्मृतिमा रहोस् त्यसैले दीपावलीपछि भाईतिहार मनायौ नि। जब चम्किरहने सितारा वा जगमगाउने अविनाशी दीपक बन्छौ तब भाइ-भाइको सम्बन्ध हुन्छ। आत्माको नाताले भाइ-भाइको सम्बन्ध र साकार ब्रह्मावंशी ब्राह्मण बनेको नाताले भाइ-बहिनीको श्रेष्ठ र शुद्ध सम्बन्ध स्वत: नै स्मृतिमा रहन्छ। न्यारापन अर्थात् देह र देहको सम्बन्धबाट न्यारा।

(३) देहका विनाशी पदार्थबाट पनि न्यारापन। यदि कुनै पदार्थले कुनै पनि कर्मेन्द्रियलाई विचलित गर्छ अर्थात् आसक्ति-भाव उत्पन्न हुन्छ भने त्यहाँ न्यारापन हुँदैन। सम्बन्धबाट न्यारा फेरि पनि सहज हुन्छ तर पदार्थको आसक्तिबाट न्यारा– "अनासक्त" बन्नमा रोयल रूपको आसक्ति भने रहन सक्छ। सुनाएको थिएँ नि– आसक्तिको स्पष्ट रूप इच्छा हो। यही इच्छाको सूक्ष्म, मिहीन रूप हो– अच्छा लाग्नु। इच्छा छैन तर अच्छा लाग्छ– यो सूक्ष्म रूप "अच्छा"ले इच्छाको रूप पनि लिन सक्छ। त्यसैले यसलाई राम्रोसँग जाँच गर– यी पदार्थले अर्थात् अल्पकालका सुखका साधनले आकर्षित त गर्दैनन्? कुनै पनि साधन समयमा प्राप्त भएन भने सहज साधना अर्थात् सहजयोगको स्थिति डगमग त हुँदैन? कुनै पनि साधनको वश भएर स्वभावसँग बाध्य त हुँदैनौ? किनकि यी सर्व पदार्थ अर्थात् साधन प्रकृतिका साधन हुन्। त्यसैले तिमीहरू प्रकृतिजीत अर्थात् प्रकृतिको आधारबाट न्यारा कमल-आसनधारी ब्राह्मण हौ। मायाजीतको साथ-साथै प्रकृतिजीत पनि बन्छौ। जब मायाजीत बन्दै जान्छौ तब मायाले पनि बारम्बार भिन्न-भिन्न रूपले परिक्षण गर्छ– मेरो साथी मायाजीत बनिरहेको छ, त्यसैले किसिम-किसिमका परीक्षा लिन्छ। प्रकृतिको परीक्षा हो– साधनद्वारा तिमीहरू सबैलाई हलचलमा ल्याउनु। जस्तै– पानी। अहिले यो कुनै ठूलो परीक्षा आएको होइन। तर पानीबाट बनेका साधनहरू, अग्निद्वारा बनेका साधनहरू यस्ता हरेक प्रकृतिका तत्त्वद्वारा बनेका साधनहरू मनुष्य जीवनका अल्पकालका सुखका आधार हुन्। त्यसैले यी सबै तत्त्वले परीक्षा लिनेछन्। अहिले त केवल पानीको कमी भएको छ तर पानीद्वारा बनेका पदार्थ जब प्राप्त हुँदैनन् तब असली परीक्षा त्यो समयमा हुनेछ। प्रकृतिद्वारा यो परीक्षा पनि समय प्रमाण आउनु नै छ, त्यसैले देहका पदार्थको आसक्ति वा आधारबाट पनि निराधार "अनासक्त" हुनु छ। अहिले त सबै साधनहरू राम्रैसँग प्राप्त छन्, कुनै कमी छैन। तर साधनहरू भएर, साधनहरूलाई प्रयोगमा ल्याउँदै गर्दा पनि

आफ्नो योगको स्थिति भने डगमग नहोस्। योगी बनेर प्रयोग गर्नु– यसैलाई भनिन्छ न्यारापन। केही छँदैछैन भने त्यसलाई न्यारा भनिँदैन। भएर पनि निमित्त-मात्र, अनासक्त रूपले प्रयोग गर्नु, इच्छा वा अच्छा भएको कारणले प्रयोग नगर्नु– यसको चेकिङ्ग अवश्य गर्नु छ। जहाँ इच्छा हुन्छ, त्यहाँ जतिसुकै मेहनत गरे पनि त्यो इच्छाले अच्छा बन्न दिँदैन। नत्र फेरि परीक्षाको समयमा मेहनत गर्दैमा समय बित्नेछ। तिमीहरू साधनामा रहने प्रयत्न गर्नेछौ तर साधनले आफू तर्फ आकर्षित गर्नेछ। तिमीहरूले युद्ध गरेर, मेहनत गरेर साधनको आकर्षणलाई मेटाउने प्रयत्न गर्नेछौ। त्यसैले युद्धमा नै परीक्षाको समय बित्छ। अनि रिजल्ट के होला? प्रयोग गर्ने साधनले सहजयोगी स्थितिलाई डगमग गरिदियो नि। प्रकृतिका परीक्षाहरू त अझ अरू तीव्रगतीले आउनेवाला छन् त्यसैले अहिलेबाटै पदार्थको विशेष आधार– खाने, पिउने, लगाउने, हिँड्ने, बस्ने र सम्पर्कमा आउने– यी सबैलाई चेकिङ्ग गर– कुनै पनि कुरा सूक्ष्म रूपमा कतै विघ्न-रूप त बनेका छैनन्? यसको अहिलेबाटै परिक्षण गर। जुन समयमा परीक्षा आउँछ त्यस समयमा परिक्षण गर्ने होइन, नत्र फेरि फेल हुने सम्भावना हुन्छ।

योग-स्थिति अर्थात् प्रयोग गर्दै न्यारा रहने स्थिति। सहज योगको साधना भनेको साधन माथि अर्थात् प्रकृतिमाथि विजयी हुनु हो। यस्तो नहोस्– त्यो भएन भने त चल्न सक्छ तर यो भएन भने रहन सक्दिन, त्यसैले डगमग स्थिति भयो... यसलाई पनि न्यारा जीवन भनिँदैन। यस्तो सिद्धि प्राप्त गर जुन तिम्रो सिद्धिद्वारा अप्राप्तिले पनि प्राप्तिको अनुभव गराओस्। जसरी स्थापनाको आरम्भमा आशक्ति छ वा छैन– त्यसको परिक्षणको लागि बीच-बीचमा जानी-जानी कार्यक्रमहरू राखिन्थ्यो। जस्तै १५ दिन बाजराको रोटी र मोही ख्वाइयो, गहुँ हुँदाहुँदै पनि यसको अभ्यास गराइयो। जस्तोसुकै बिरामी पनि १५ दिन यही भोजनमा रहे। कोही पनि बिरामी भएन। दमको समस्या भएकाहरू पनि ठीक भए नि। नशा थियो नि– बापदादाले यस्तो प्रोग्राम दिनु भएको छ भन्ने! जब भक्तिमा भन्छन् "विष पनि अमृत भयो" यो त मोही थियो! निश्चय र नशाले हरेक परिस्थितिमा विजयी बनाइदिन्छ। त्यसैले यस्ता परीक्षा पनि आउँछन्– सुक्खा रोटी पनि खानु पर्छ। अहिले त साधन छन्। भन्छन्– दाँत छैन, पच्दैन। तर त्यो समयमा के गर्छौ? जब निश्चय, नशा र योगको सिद्धिको शक्ति हुन्छ तब सुक्खा रोटीले पनि नरम रोटीको काम गर्नेछ, अप्ठेरोमा पार्दैन। तिमी सिद्धि स्वरूपको शानमा रह्यौ भने कसैले पनि परेशान गर्न सक्दैन। जब हठयोलीहरूको अगाडि बाघ बिरालो बन्छ, साँप खेलौना बन्छ भने तिमीहरू त सहज राजयोगी, सिद्धि-स्वरूप आत्माहरूको लागि यी सबै कुनै ठूला कुरा होइनन्। छ भने आरामले प्रयोग गर तर समयमा धोका नदेओस्– यसको जाँच गर। परिस्थितिले स्थितिलाई तल नल्याओस्। देहको सम्बन्धबाट न्यारा हुन सहज छ तर देहका पदार्थबाट न्यारा हुन– यसको लागि धेरै राम्रोसँग ध्यान दिनुपर्छ।

(४) पुरानो स्वभाव, संस्कारदेखि पनि न्यारा बन्नु छ। पुरानो देहको स्वभाव र संस्कार पनि धेरै नै कडा हुन्छ। मायाजीत बन्नमा यो पनि बडो विघ्नरूप बन्छ। कैयौं पटक बापदादाले देख्नु भएको छ– पुरानो स्वभाव, संस्कार रूपी साँप खतम हुन्छ तर निशानी बाँकी हुन्छ, जसले समय आउँदा बारम्बार धोका दिन्छ। यस्ता कडा स्वभाव संस्कारले कैयौं पटक यति मायाको वशीभूत बनाइदिन्छ जसले गर्दा गलतलाई पनि गलत नै सम्झिँदैनन्। महसुस गर्ने शक्ति समाप्त हुन्छ। यसबाट पनि न्यारा हुनु छ– यसको पनि राम्रोसँग जाँच गर्नु पर्छ। जब महसुस गर्ने शक्ति समाप्त हुन्छ अनि फेरि एउटा झुटको पछाडि हजार झुट आफ्नो कुरा सिद्ध गर्नको लागि बोल्नु पर्ने हुन्छ। यति वश हुन्छन्। आफूलाई सत्य सिद्ध गर्नु– यो पनि पुरानो संस्कारको वशीभूत भएको निशानी हो। ऐउटा हुन्छ यथार्थ कुरा स्पष्ट गर्नु, अर्को हुन्छ आफूलाई जिद्दी गरेर सिद्ध गर्नु। त्यसैले जिद्दी गरेर सिद्ध गर्नेहरू कहिल्यै पनि सिद्धि-स्वरूप बन्न सक्दैनन्। यो पनि जाँच गर– कुनै पनि पुरानो स्वभाव, संस्कार अंश-मात्र पनि छिपेर रहेको त छैन? बुझ्यौ?

यी चारै कुराबाट न्यारा जो हुन्छ उसलाई भनिन्छ बाबाको प्यारा, परिवारको प्यारा। यस्तो कमल-आसनधारी बनेका छौं? यसैलाई नै भनिन्छ फलो फादर गर्नु। ब्रह्मा बाबा पनि कमल-आसनधारी बन्नु भयो तब नम्बरवन बाबाको प्यारो बन्नु भयो, ब्राह्मणहरूको प्यारो बन्नु भयो। चाहे व्यक्त रूपमा, चाहे अहिले अव्यक्त रूपमा। अहिले पनि हरेक ब्राह्मणको दिलबाट के निस्कन्छ? मेरो ब्रह्मा बाबा। यो अनुभव गर्दैनन्– मैले त साकारमा देखिन। आँखाले देखेनौ, दिलले देख्यौ, बुद्धिको दिव्य नेत्रद्वारा देख्यौ, अनुभव गर्यौ त्यसैले हरेक ब्राह्मणले दिलैदेखि भन्छन्– "मेरो ब्रह्मा बाबा"। यो प्यारोपनको निशानी हो। चारैतिरको न्यारापनले विश्वको प्यारो बनाइदियो। त्यसरी नै चारैतिरबाट न्यारा र सर्वको प्यारा बन। बुझ्यौ?

गुजरात समीप रहेको छ। त्यसैले अनुसरण गर्नमा पनि समीप छ। स्थान र स्थिति दुवैमा समीप बन्नु– यो नै विशेषता हो। बापदादा त सदा बच्चाहरूलाई देखेर हर्षित हुनुहुन्छ। अच्छा।

चारैतिरका कमल-आसनधारी, न्यारा र बाबाका प्यारा बच्चाहरूलाई, सदा मायाजीत, प्रकृतिजित विशेष आत्माहरूलाई, सदा बाबालाई अनुसरण गर्ने वफादार बच्चाहरूलाई बापदादाको स्नेह सम्पन्न यादप्यार एवं नमस्ते।

मधुबनमा आएका सेवाधारी भाइ बहिनीहरूसँग अव्यक्त बापदादाको भेटघाट:–

जति समय मधुबनमा सेवा गर्यौं, त्यति समय निरन्तर योगको अनुभव गर्यौं? योग टुट्न त टुटेन? मधुबनमा सेवाधारी बन्नु अर्थात् निरन्तर योगी, सहजयोगीको अनुभवी बन्नु हो। यो थोरै समयको अनुभव पनि सदा याद रहन्छ नि। जब कुनै परिस्थिति आयो भने मनबाट मधुबनमा पुग्नु। मधुबन निवासी बन्नाले परिस्थिति वा समस्या खतम हुन्छन् र तिमीहरू सहजयोगी बन्छौ। सदैव आफ्नो यो अनुभवलाई साथमा राख्नु। अनुभव याद गर्नाले शक्ति आउँछ। सेवाको मेवा अविनाशी छ। अच्छा। यो मौका मिल्नु पनि कम होइन, धेरै ठूलो मौका हो।

सेवाधारी अर्थात् सदा बाबा समान निमित्त बन्ने र निर्मान रहनेवाला। निर्मानता नै सबैभन्दा श्रेष्ठ सफलताको साधन हो। कुनै पनि सेवामा सफलताको साधन नम्रता भाव, निमित्त भाव हो। त्यसैले यिनै विशेषताले सेवा गर्यौं? यस्तो सेवामा सदा सफलता पनि हुन्छ र सदा मोज पनि हुन्छ। संगमयुगको मोज मनायौ त्यसैले सेवा, सेवा लागेन। जस्तै कसैले मल्ल युद्ध गर्दा आफ्नो मोजले खेल सम्झिएर गर्छन्। त्यसमा थकावट वा पिडा हुँदैन किनकि मनोरञ्जन सम्झिएर गर्छन्, मोज मनाउनको लागि गर्छन्। त्यसरी नै यदि सच्चा सेवाधारीको विशेषताले सेवा गर्यौं भने कहिल्यै पनि थकावट हुन सक्दैन। बुझ्यौ? सदा यस्तो लाग्नेछ मानौं सेवा होइन, कुनै खेल खेलिरहेको छु। त्यसैले कुनै पनि सेवा मिलोस्, यी दुई विशेषताले सफलता प्राप्त गरिरहनु छ। यसबाट सदा सफलता-स्वरूप बन्छौ। अच्छा।

सच्चा तपस्याले सदाको लागि सच्चा सुन बनाइदिन्छ, जसमा अलिकति पनि मिसावट हुँदैन। तपस्याले हरेकलाई सदा यस्तो योग्य बनाइदिन्छ जसबाट प्रवृत्तिमा पनि सफल र प्रारब्ध प्राप्त गर्नमा पनि सफल हुन्छन्। यस्तो तपस्वी बनेका छौ? तपस्या गर्नेहरूलाई राजयोगी भनिन्छ। त्यसैले तिमीहरू सबै राजयोगी हौ। कहिल्यै पनि कुनै पनि परिस्थितिबाट विचलित हुनेवाला त होइनौ? त्यसैले सदा आफूलाई यही रीतिले चेक गरेर चेन्ज पनि हुनु छ। केवल चेक मात्र गर्यौं भने निराश हुन्छौ। सोच्नेछौ– ममा यो कमी छ, यो पनि कमी छ, के थाहा ठीक हुने हौं कि होइन! त्यसैले चेक पनि गर्नु र चेकको साथमा चेन्ज पनि हुनु छ। मानौं, कमजोर बन्यौ, समय गयो। तर समय प्रमाण कर्तव्य गर्नेहरूको सदा विजय हुन्छ। त्यसैले सबै सदा विजयी, श्रेष्ठ आत्माहरू हौ। सबै श्रेष्ठ हौ वा नम्बरवार छौ? यदि नम्बर सोध्यो– कुन नम्बरका हौ भनेमा सबैले नम्बरवनमा छु भन्छन्। तर त्यो नम्बर कतिको हुन्छ? एक वा अनेकको? पहिलो नम्बर त सबै बन्दैनौ तर फस्ट डिभिजनमा त आउन सक्छौ। फस्ट नम्बरमा एक जना हुन्छ तर फस्ट डिभिजनमा त धेरै आउँछन् त्यसैले फस्ट नम्बर बन्न सक्छौ। राजगद्दीमा एकजना बस्छ तर अरू साथीहरू पनि त हुन्छन् नि। त्यसैले रोयल परिवारमा आउनु पनि राज्य अधिकारी बन्नु हो। त्यसैले फस्ट डिभिजन अर्थात् नम्बवनमा आउने पुरुषार्थ गर। अहिले सम्म दुई तीनजनाको सीट सिवाय कसैको पनि निश्चित भएको छैन। अहिले जसले जति चाहे पनि, जति पुरुषार्थ गर्न चाहे पनि गर्न सक्छन्। बापदादाले सुनाउनु भएको थियो– अहिले लेट भएको छ तर टूलेट भएको छैन, त्यसैले सबैलाई अगाडि बढ्ने मौका छ। विजयी बनेर एक नम्बरमा आउने मौका छ। त्यसैले सदैव उमंग-उत्साह रहोस्। यस्तो होइन– ठीकै छ, कोही नम्बरवन बनोस् तर आफूलाई त नम्बर दुई नै सही! यसलाई भनिन्छ कमजोर पुरुषार्थ। तिमीहरू सबै त तीव्र पुरुषार्थी हौ नि? अच्छा।

वरदान:– **समझदार बनेर तीनै प्रकारको सेवा साथ-साथै गर्ने सफलता मूर्त भव**

वर्तमान समय प्रमाण मनसा-वाचा र कर्मणा तीनै प्रकारको सेवा साथ-साथै हुनुपर्छ। वाणी र कर्मको साथमा मनसा शुभ संकल्प वा श्रेष्ठ वृत्तिद्वारा सेवा गर्दै रह्यौ भने फल फलीभूत हुनेछ किनकि वाणीमा शक्ति तब आउँछ जब मनसा शक्तिशाली हुन्छ, नत्र बोल्नेवाला पण्डित समान हुन्छौ किनकि जसरी सुगाले रिपिट गरिरहन्छ। ज्ञानी अर्थात् समझदारले तीनै प्रकारको सेवा साथ-साथै

गर्छन् र सफलताको वरदान प्राप्त गर्छन्।

स्लोगनः– आफ्नो बोली, कर्म र दृष्टिद्वारा शान्ति, शक्ति र खुसीको अनुभव गराउनु नै महान आत्माहरूको महानता हो।